# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

### गभर्नर अधिकारीद्वारा G-24/AFI Policymakers' Roundtable बैठकमा सहभागिता

गभर्नर महा प्रसाद अधिकारी २०७७ कात्तिक ३ गते "G-24/AFI Policymakers' Roundtable Alliance for Financial Inclusion (AFI)" विषयक भर्चुअल बैठकमा सहभागी हुनुभयो । Alliance for Financial Inclusion (AFI) र G-24 द्वारा संयुक्त रूपमा उक्त भर्चुअल बैठक आयोजना गरिएको हो ।




बैठकमा उद्घाटन मन्तव्य राख्दै Alliance for Financial Inclusion (AFI) को सञ्चालक समितिका सदस्यसमेत रहनुभएका गभर्नर अधिकारीले कोभिडबाट प्रभावित अर्थतन्त्रको पुनरुत्थानको निम्ति AFI र G-24 सदस्य राष्ट्रका सरकार र केन्द्रीय बैंकहरु केन्द्रित हुनुपर्ने आवश्यकतामा जोड दिनुभयो । खासगरी साना तथा मझौला उद्यम/व्यवसायको पुनरुत्थानको निम्ति स्रोतको व्यवस्थापन, नीतिगत तथा नियामकीय सहुलियत, विद्युतीय बैंकिङ प्रणालीको प्रवर्द्धनका निम्ति केन्द्रित हुनुपर्ने उहाँको धारणा थियो ।

साथै, गभर्नर अधिकारीले कोभिड संक्रमणको विषम परिस्थितिलाई विद्युतीय भुक्तानी प्रणाली र ई-कमर्स प्रवर्द्धनको अवसरका रूपमा लिइनुपर्ने आवश्यकता औंल्याउनुभयो । उहाँले भन्नुभयो, "डिजिटल बैंकिङको प्रवर्द्धनबाट युवा पुस्ताको रोजगारी प्रवर्द्धन र उद्यमशीलताको विकासमा टेवा पुग्न सक्छ ।"

सो अवसरमा स्टेट बैंक अफ पाकिस्तानका गभर्नर डा. रेजा बकिरले कोभिड संक्रमणको परिस्थितिमा तरलता सिर्जना, नीतिगत दरको कटौती, पुनरकर्जा सुविधा, नीतिगत सहुलियतका लागि आफ्नो बैंकले अवलम्बन गरेका अभ्यासबारे चर्चा गर्नुभयो ।

उक्त बैठकमा सहभागीहरूबीच कोभिड-१९ का कारण अर्थतन्त्रमा परेको असरको न्यूनीकरणका निम्ति अवलम्बन गरिएका नीतिगत प्रयास र युवा पुस्ताको वित्तीय समावेशीकरणका विषयमा छलफल भएको थियो । साथै, कोभिड संक्रमणको परिस्थितिमा अर्थतन्त्रको पुनरुत्थानका निम्ति आ-आफ्नो मुलुकमा अवलम्बन गरिएका नीतिगत अभ्यास बारेमा समेत सहभागीहरूबीच छलफल भएको थियो । साथै, आर्थिक वृद्धि र विकासमा युवा पुस्ताको भूमिका र डिजिटल वित्तीय साक्षरतामार्फत वित्तीय समावेशीकरणलाई प्रवर्द्धन गर्नुपर्ने आवश्यकतामा समेत सहभागीहरूबीच छलफल भएको थियो ।

भर्चुअल बैठकमा AFI का कार्यकारी निर्देशक Dr. Alfred Hannig, नीति विश्लेषण निर्देशक Robin Newnham, संयुक्त राष्ट्र संघका महासचिवका दूत Jayathma Wickramanayake, बैंक अफ घानाका डेपुटी गभर्नर Maxwell Opoku-Afari, G-24 सचिवालयका निर्देशक Marilou Uy लगायतले आ-आफ्नो धारणा राख्नुभएको थियो ।

उक्त भर्चुअल बैठकमा नेपाल राष्ट्र बैंकको तर्फबाट गभर्नर अधिकारीसँगै गभर्नरको कार्यालयका कार्यकारी निर्देशक डा. नेफिल मातङ्गि मास्के, बैंक तथा वित्तीय संस्था नियमन विभागका कार्यकारी निर्देशक देवकुमार ढकाल, लघुवित्त संस्था सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक डा. प्रकाशकुमार श्रेष्ठ, गभर्नरको कार्यालयका का.मु. निर्देशक नारायणप्रसाद पोखेल लगायतको सहभागिता थियो ।

२०७७ कात्तिक ५, बुधबार ।

गभर्नरको कार्यालय